


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com

❖ वर्ष ३४ ❖ २०७८ जेठ २८ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 June 11 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २८३



**नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू**

- ज्वरो (१००.४°F भन्दा माथि)
- श्वास प्रश्वासमा अत्यधिक समस्या
- रुघा र खोकी

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


## पर्सामा २६ हजारजनाले दोस्रो मात्राको खोप लगाउन बाँकी

## भेरोसिलको पहिलो मात्राको खोप शुक्रवारदेखि लगाइने

प्रस, वीरगंज, २७ जेठ/

पर्सा जिल्लामा कोभिडविरुद्धको भेरोसिल खोपको पहिलो मात्रा शुक्रवार र शनिवार गरी दुई दिन दिने भएको छ।

सरकारले देशभरका ६२ देखि ६४ वर्ष उमेरका नागरिकलाई भेरोसिल खोपको पहिलो मात्रा दिने घोषणा गरे पनि पर्सा जिल्लामा भने भोलिदेखि शुरू हुने स्वास्थ्य कार्यालयका खोप अधिकारी अनिल सिंहले बताए ।

उनले वीरगंज महानगरसमेत १४ वटै पालिकामा वडास्तरबाट खोप दिने व्यवस्था गरिएको जानकारी गराएका छन्। ६२ देखि ६४ वर्ष उमेरका नागरिक टाढासम्म हिंड्डुल गर्न नसक्ने हुँदा उनीहरूलाई वडास्तरमा खोपको व्यवस्था गरिएको अधिकृत सिंहले बताए ।

भेरोसिल खोप चीन सरकारले अनुदानमा उपलब्ध गराएपछि सरकारले जेठ २५ गतेदेखि देशव्यापीरूपमा दिन शुरू गरेको हो । पर्सा जिल्लामा यो उमेरका १२ हजार ३ सय नागरिक रहेको र उनीहरूको लागि १० हजार ८३० खोप आइपुगेको अधिकृत सिंहले बताए । यही खोपबाट नेशनल मेडिकल कलेज र एमबी केडिया डेन्टल कलेजमा एमबिबिएस गरेका इन्टर्नहरूलाई पनि दिनुपर्ने निर्देशन आएको अधिकृत सिंहले बताए ।

आवश्यकभन्दा कम मात्रामा खोप आएकोले व्यवस्थापनमा समस्या भएको अधिकृत सिंहले बताए ।



खोप लगाउन पालो कुर्दै ज्येष्ठ नागरिकहरू । तस्वीरः फाइल/प्रतीक

पर्सा जिल्लामा यसअघि विभिन्न मापदण्डमा परेर पहिलो मात्राको खोप लिएकाहरूको लागि दोस्रो मात्राको खोप अहिले अनिश्चित भएको छ। पहिलो मात्राको खोप जिल्लामा करीब ३५ हजारजना मानिसले लिएका थिए ।

चिकित्सक, स्वास्थ्यकर्मी, सरसफाइकर्मी, निजामती कर्मचारी, बैंककर्मी, पत्रकार, वारुणयन्त्र र शववाहन चालक, सुरक्षाकर्मी, ज्येष्ठ नागरिकलगायतलाई पहिलो मात्राको खोप दिइए पनि दोस्रो मात्राको खोप भने केवल ९ हजारजनाले मात्र पाएका छन्। पर्सा जिल्लामा अहिले करीब २६ हजारजनालाई पहिलो मात्राको खोप आवश्यक भएकोले सो खोप कहिले दिने भन्ने कुराको टुङ्गो नलागेको स्वास्थ्य कार्यालयका खोप अधिकृत सिंहले बताए।

पहिलो मात्राको खोप भारत सरकारको सहयोगमा आएको कोभिशिल्ड दिइए पनि दोस्रो मात्राको खोप भने कोभिशिल्डको विकल्पमा अस्ट्राजेनिका दिइने बताइएको छ । तर कहिले दिने भन्नेबारेमा अहिलेसम्म टुङ्गो लागेको छैन । तीन चरणमा पहिलो मात्राको खोप चैत ४ गतेसम्म लगाइएको थियो ।

## जनप्रतिनिधिमाथि २ करोडभन्दा बढी बेरुजू

प्रस, वीरगंज, २७ जेठ/

वीरगंज महानगरपालिकाका जनप्रतिनिधिहरूले तलबबापत सो बखत लिएको रकमलाई महालेखापरीक्षकको




जनप्रतिनिधिमाथि २ करोड रुपैयाँभन्दा बढीको बेरुजू निस्किएको छ। निर्वाचित भएपछि तलब घोषित भएपनि राजपत्रमा प्रकाशित नभएको अवस्थामा जनप्रतिनिधिहरूले सोबापत बुझेका रकमलाई महालेखापरीक्षकको कार्यालयले बेरुजू घोषित गरेको हो ।

वीरगंज महानगरपालिकाका लेखापाल रूपनारायण कुर्मीले कार्यालयले बेरुजू घोषित गरेको बताए। नगरप्रमुख विजयकुमार सरावगी, उपप्रमुख शान्ति कार्कीलगायत वडाध्यक्ष, पालिका सदस्य र वडा सदस्यहरूमाथि बेरुजू देखिएको हो ।

बेरुजु फछ्र्योटका लागि महानगरको लेखा शाखाले सबै जनप्रतिनिधिको नाममा पत्राचार गरेको लेखापाल कुर्मीले बताए ।

## पर्सामा आत्महत्या बढ्यो

नितेश कर्ण, वीरगंज, २७ जेठ/

पर्सा जिल्लामा आत्महत्याका घटना बढ्दो छ । विगत केही वर्षदेखि आत्महत्याका घटना बढेको हो ।

आव २०७४/७५ मा ६८, २०७५/७६ मा ७८ र २०७६/७७ मा आत्महत्याका ९५ वटा घटना भएका थिए। त्यस्तै, चालू आवको जेठ १५ गतेसम्म १०८ वटा आत्महत्याका घटना भइसकेका छन् ।

जिल्ला प्रहरी कार्यालय, पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले निराशा र असफलताका कारण आत्महत्याका घटना हुने गरेको बताए। उनले परीक्षा, व्यवसाय, प्रेम प्रसङ्ग आदिमा असफल भएकाहरूले आत्महत्या गर्ने गरेको बताए ।

यसैगरी, क्रोनिक रोग, अवसाद, घरेलु हिंसा, सामाजिक सञ्जालको दुरुपयोग, लागूपदार्थको सेवनलगायतका कारणबाट पनि आत्महत्याका घटना हुने

(बाँकी अन्तिम पातामा)

## नारायणी अस्पतालमा २ करोडको कोष स्थापना गर्ने

प्रस, वीरगंज, २७ जेठ/

नारायणी अस्पताल विकास समितिको पहलमा बिहीवार पर्सा जिल्लाका पालिका प्रमुखहरूको संयुक्त बैठक बसेको छ ।

विकास समितिको सभाहलमा सम्पन्न बैठकले अस्पताल समन्वय समिति गठन गर्ने तथा कोष स्थापना गर्नेसम्बन्धी निर्णय गरेको बैठकमा सहभागी एमाले पर्साका प्रतिनिधि महेश दासले बताए। बैठकमा सबै पालिकाका प्रमुख रहने गरी अस्पताल समन्वय समितिको सञ्चालक समिति गठन गर्ने र २ करोड रुपैयाँको कोष स्थापना गर्ने निर्णय भएको छ । सो कोषमा वीरगंज महानगरपालिकाले ४० लाख, ३ वटा नगरपालिकाले २०/२० लाख र १० वटा गाउँपालिकाले १०/१० लाख रुपैयाँ सहयोग गर्ने सहमति भएको छ।

बैठकले अस्पतालमा देखिएका समस्या समाधान गर्न र समयसापेक्ष सेवा स्तरोन्नति गर्न केन्द्र र प्रदेश सरकारलाई

(बाँकी अन्तिम पातामा)

## ब्रिटानिया नेपाल नियमित सञ्चालन, निषेधाज्ञाले असर

प्रस, परवानीपुर, २७ जेठ/



तस्वीरः फाइल

बिस्कुट उत्पादन गर्ने बहुराष्ट्रिय कम्पनी ब्रिटानिया नेपाल प्रालि विगत ६ महीनादेखि मजदूरको बन्द र हडतालबाट मुक्त भएको छ । मजदूरको बन्द र हडतालबाट गत डिसेम्बरदेखि वीरगंज–२१ परवानीपुरस्थित ब्रिटानिया नेपाल मुक्त भएर हाल दैनिक करीब २५ टन विभिन्न ब्रान्डका बिस्कुट उत्पादन गरिरहेको छ। उद्योग अहिले २४सैं घण्टा ३ सिफ्टमा सञ्चालनमा छ । कम्पनी व्यवस्थापन स्रोतका अनुसार अहिले करीब स्थायी र अस्थायी गरी २५० जना मजदूर, कर्मचारीले रोजगार पाएका छन् ।

"हडतालबाट फिर्ता लिएर कानूनी बाटोबाट न्याय माग्न मजदूर अदालत गएपछि अन्य मजदूरले उद्योग चलाइरहेका छन्," कम्पनीका एक अधिकारीले भने, "हडतालबाट व्यवस्थापन पक्ष आजित भइसकेको थियो, उद्योग नै बन्द गर्ने निधो गरिसकेको अवस्थामा अहिले उद्योग नियमित चलिरहेको छ।" ब्रिटानिया नेपालले हाल मेरीगोल्ड, टाइगर क्रन्च, डाइजेस्टिभमा सुगर र सुगर फ्री ब्रान्डमा बिस्कुट उत्पादन भइरहेको छ। हाल उद्योगमा तीन सिफ्टमा १६२ जना स्थायी र करीब सयजना दैनिक ज्यालादारीमा काम गर्ने अस्थायी मजदूरहरूले रोजगार पाएका छन्। कोरोना महामारीको दोस्रो चरणमा एक दिन पनि उद्योग बन्द नभएको तर विभिन्न जिल्लामा जारी निषेधाज्ञाका कारण आशिंकरूपमा करीब २० प्रतिशत उत्पादनमा कटौती गरेको र ढुवानीको लागि पनि पर्याप्त मात्रामा सवारीसाधन नपाएको ब्रिटानिया नेपालले जनाएको छ । निषेधाज्ञामा सवारीधनीले गाडी चलाउन मानेका छैनन्, बजार बन्द हुँदा पनि बिस्कुटको माग केही घटेको छ।

गत नोभेम्बरमा उद्योगमा १२ जना मजदूरलाई आचरणविपरीत काम गरेको भन्दै व्यवस्थापन पक्षले निष्कासन गरेपछि दोस्रो सातादेखि उद्योगमा मजदूर हडताल शुरू भएको थियो। लगातार दुई साता उद्योगको उत्पादन ठप्प पार्दै सम्पूर्ण मजदूर हडतालमा उत्रेका थिए। त्यसपछि उद्योगले बल प्रयोग गराइ मूलगेट खाली गरायो र उद्योग सञ्चालन गर्ने वातावरण बनाएको थियो। आन्दोलनरत मजदूर उद्योगको भविष्य हेर्दै काममा फर्के भने निष्कासित १२ जनामध्ये एकजनाले हरहिसाब बुझेर अहिले टेम्पो किनेर चलाउन थालेका छन् भने बाँकी ११ जना मजदूर श्रम अदालत काठमाडौंमा पुनर्बहालीको माग गर्दै पुनरावेदन गरेका छन् ।

उद्योगले गत नोभेम्बरमा स्थायी मजदूरहरू सुनेश महतो तत्वा, रवीन्द्र दास, वीरेन्द्र महतो, अजिज मियाँ, हसरोद्दीन देवान, कमोदकुमार यादव, लालबाबू महरा, सुनील साह, श्रीकान्त पटेल, सुशील पटेल, रामकिशोर पटेल र पप्पु साह कलवारलाई कामबाट हटाएको थियो । श्रम ऐन अनुसार आचरणविपरीतका गतिविधि गरेको भन्दै उद्योग व्यवस्थापन पक्षले उनीहरूलाई हटाएको थियो। दुई वर्षअघि एक अर्ब १३ करोड रुपैयाँमा स्थापना भएको उद्योगमा भारतको वाडिया समूहको लगानी छ। यो उद्योग शुरूमा बाराको सिमरामा स्थापना गर्ने योजना थियो। तर त्यहाँ उद्योग विस्तारका लागि जग्गा नपाइएकोले लिपनीबिर्तामा स्थापना गरिएको हो ।

वीरगंजका उद्योगी अशोक बैधले आफ्नो करीब अढाई बिघा जग्गा बेचेपछि परवानीपुरमा कम्पनी स्थापना भएको हो ।

## दुईजना सङ्क्रमितको मृत्यु

प्रस, वीरगंज, २७ जेठ/

नारायणी अस्पतालमा बिहीवार दुईजना सङ्क्रमितको मृत्यु भएको छ। अस्पतालका कोभिड संयोजक डा उदयनारायण सिंहले बारा जिल्ला निवासी ८८ वर्षीय पुरुषको बिहान पौने २ बजे मृत्यु भएको बताए। एन्टिजेन परीक्षणबाट उनी २६ गते सङ्क्रमित देखिएपछि अस्पताल भर्ना गरिएको थियो।

यसैगरी, पर्साको पोखरिया नगरपालिका–४ निवासी ८० वर्षीया महिलाको बिहान पौने ११ बजे मृत्यु भएको छ । मृतक महिलामा जेठ २५ गते एन्टिजेनबाट सङ्क्रमण पुष्टि भएपछि अस्पताल भर्ना गरिएको डा सिंहले बताए।

यसैबीच, बिहीवार नारायणी अस्पतालको प्रयोगशालामा चारजना सङ्क्रमित पुष्टि भएका छन्। ५० जनाको स्वाब परीक्षण गर्दा पर्साका तीन, रौतहटका एक जना गरी चारजना सङ्क्रमित पुष्टि भएको संयोजक डा सिंहले बताए ।

सङ्क्रमितहरू ३० देखि ६८ वर्ष उमेरका भएको र उनीहरूको सिटी भ्यालू २४ देखि ३२ रहेको डा सिंहले बताए ।


हार्दिक श्रद्धाञ्जलि

जन्मः २००७/०८/३



स्व. निर्मलादेवी श्रेष्ठ

स्वर्गारोहणः २०७८/२/१६

हाम्रा प्रातःस्मरणीय ममतामयी **निर्मलादेवी श्रेष्ठको** स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै हाम्रो परिवारप्रति समवेदना प्रकट गर्नुहुने सम्पूर्ण नाता, कुटुम्ब, इष्टमित्रप्रति कृतज्ञता व्यक्त गर्दछौं ।

**पतिः वीरेन्द्रलाल नेपाली**

**जेठाजु/जेठानीः**
देवेन्द्रलाल नेपाली
लक्ष्मीदेवी श्रेष्ठ
रमारानी श्रेष्ठ

**छोरी/ज्वाइँः**
अनु श्रेष्ठ कायस्थ/गिरिशमान कायस्थ
मुनमुन श्रेष्ठ थैव/संसार थैव

**देवर/देवरानीः**
मृगेन्द्रलाल श्रेष्ठ/सुनीता श्रेष्ठ

**छोरा/बुहारीः**
ई. धीरेन्द्रलाल श्रेष्ठ/मोनी श्रेष्ठ
डा. दीपेन्द्रलाल श्रेष्ठ/हीरा राना श्रेष्ठ
मणिन्द्रलाल श्रेष्ठ/शोभना दवाडी श्रेष्ठ
ज्ञानेन्द्रलाल श्रेष्ठ/जेनरी श्रेष्ठ
डा. कविन्द्रलाल श्रेष्ठ/दिव्या श्रेष्ठ

**नाति/नातिनीः**
शाब्दिकमान कायस्थ, विप्लवलाल श्रेष्ठ, समुद्रलाल श्रेष्ठ, मेधा श्रेष्ठ, जेरमाया श्रेष्ठ, इमा श्रेष्ठ, एलिना श्रेष्ठ, क्लारा श्रेष्ठ, समृद्धि श्रेष्ठ

## विचारसार र सूक्तिहरू

**दोस्रो हो ज्ञान– किनकि अहिलेसम्म हामीले केवल आकलन, अवलोकन र विचारशक्ति मात्र प्राप्त गर्न सकेका छौं ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


# कुर्सीकै लागि

**"कम्युनिस्टहरूले केही गर्लां कि, एकपटक बहुमतको सरकार हेर्न पाए हुन्थ्यो" भन्ने नेपाली जनताको लामो समयदेखिको प्रतीक्षा समाप्त भएको छ । कम्युनिस्टहरू पनि थरीथरीका, कोही उत्तरपन्थी, कोही दक्षिणपन्थी, उनीहरूकै विश्लेषण अनुसार कोही निरङ्कुश जडसूत्रवादी, कोही अवसरवादी त कुनै प्रतिगामी यथास्थितिवादी । कुनै दरबारिया सामन्ती कम्युनिस्ट, कुनै विदेशीको इसारामा चल्ने साम्राज्यवादीको दलाल कम्युनिस्ट । नेपालका कम्युनिस्टहरू आफैंले यसरी एकअर्कालाई कित्ता छुट्टयाएर दिएको नाम, पद, दर्जाले झन् मतदाता समस्यामा परेका थिए । थरीथरीका कम्युनिस्ट भएपछि एउटा कम्युनिस्टलाई जिताएर पनि नहुने, अर्कोले केही गर्थ्यो कि भन्ने थकथकी रहि नै रहेको अवस्था थियो । पछिल्लोपटक नेकपा एमाले नेतृत्वको सरकारले गराएको सङ्घीय र प्रदेश सभाको चुनावबाट भने वर्षौंदेखिको जिज्ञासा मेटिने अवसर जुर्‍यो । दुवै सभामा नेपाल कम्युनिस्ट पार्टीको शानदार जीत भयो । यसमा हिजो उनीहरूले विश्लेषण र नामकरण गरेका सबैखाले कम्युनिस्टहरू एक साथ एउटै मञ्चमा देखिए । झन्डै दुई तिहाइ बहुमतसहितको केन्द्रीय सत्ता साथै दुई तिहाइ बहुमतसहितको प्रदेश सत्ता सञ्चालन र सञ्चालकहरूको विचलन नागरिकको नाङ्गो आँखाले हेर्न नसक्ने अवस्थामा पुगिसकेको छ ।**

**हिजोका कम्युनिस्ट नेता डा केशरजङ्ग रायमाझीदेखि आजका माधव, प्रचण्ड, ओलीसम्मलाई हेर्दा चरण विभिन्न भएपनि साम्यवादी भनिएका नेपाली कम्युनिस्टको अन्तिम बिन्दु कुर्सी मात्रै रहेछ । नीति, सिद्धान्त, लक्ष्य, उद्देश्य, राष्ट्र र जनभावनालाई तिलञ्जलि दिएर जसरी हुन्छ कुर्सी चाहिन्छ । यो तथ्य मुलुकवासीले बुझ्दै गरेको र पुनः लोकतान्त्रिक समाजवादी सिद्धान्त बोकेको पार्टी नेपाली काङ्ग्रेसतर्फ मोह फर्किन लागेकै बेला "हामी पनि सुध्रिएका छैनौं है" भन्ने सङ्केत काङ्ग्रेसले दिंदैछ । प्रदेश नं २ मा नेका तीनवटा मन्त्रालय लिएर सरकारमा गयो । कर्णाली प्रदेशमा दुईवटा मन्त्रालय लिएर सरकारमा गएको छ । सुदूरपश्चिममा मौकाको ताकमा मौनता साँधिरहेको छ । सङ्घ र प्रदेशको कार्यकाल यदि मध्यावधि चुनाव भएन भने एक आर्थिक वर्ष मात्रै बाँकी छ । मध्यावधि चुनाव होस् भन्ने पक्ष र हुनुहुँदैन भन्ने पक्षबीच मुलुकको वर्तमान राजनीति ध्रुवीकृत छ । राजनीतिक दाउपेच जेसुकै भएपनि दलीय स्वार्थविहीन पक्षहरू भने मध्यावधिको विपक्षमा छन् ।**

**कम्युनिस्टकालमा देखिएको अस्थिरता, विकृति, विसङ्गति र उनीहरूले सम्बोधन गर्न नसकेका मुद्दा एवं जनअसन्तुष्टि नेपाली काङ्ग्रेसको आउँदो चुनावी मसला हो । त्यसको निम्ति वर्तमान कार्यकालभरि काङ्ग्रेस सरकारमा जानु नपर्ने थियो । अल्पकालीन संयुक्त सरकारमा गएर पार्टीले चाहे अनुसार गर्न सकिँदैन । भोलि अरूले टिप्पणी गर्दा 'तिमी गएर चैं खै के के गरेऊ त ?' प्रश्न आफैंतर्फ फर्कन्छ । आफूले चाहेको पार्टीलाई सरकारभन्दा बाहिरै बसेर पनि समर्थन गर्न सकिथ्यो । 'देउवाले प्रधानमन्त्रीमा र्‍याल चुहाएको कारण ओली मध्यावधिमा जान बाध्य भएका हुन्' भन्ने टिप्पणी शुरू भइसकेको छ । सरकारमा गए पनि मन्त्री पद पाएको काङ्ग्रेस र नपाएको काङ्ग्रेसबीच द्वन्द्व शुरू हुने निश्चित छ । आफू सरकारमा बसेर चुनाव गराउँदा मत पाइन्छ भन्ने जवाफलाई कसैले पनि पत्याउँदैन । यसअघि नेकाकै नेतृत्वमा चुनाव भएको होइन र ? कुर्सी देखेपछि सोचविचारविना नै हाम फाल्ने नेकाको पुरानो चरित्र दोहोरिनु राम्रो सङ्केत होइन ।**

# के नेपाल गरीब राष्ट्र हो ?

अर्थविशेष




विश्वराज अधिकारी
akoutilya@gmail.com


**सही नेता उत्पादन गर्न हामीले हाम्रो सोच एवं व्यवहारमा परिवर्तन गर्न नितान्त आवश्यक छ । माटो जस्तो हुन्छ बिरुवा पनि त्यसै अनुसार उम्रिन्छ । माटो असल भए मात्र बिरुवाको उचित विकास हुने हो, बिरुवा सप्रिने हो । होइन र ?**

के नेपाल गरीब राष्ट्र हो ? यो प्रश्न आफैंमा अति महत्त्वपूर्ण छ । र यो प्रश्न महत्त्वपूर्ण भएकोले यसको उत्तर सम्पूर्ण नेपालीका लागि चासोको विषय बन्नुपर्छ । यस प्रश्नको उत्तरले नेपालको अर्थ व्यवस्थाको इतिहास बुझ्न सजिलो हुन्छ ।

नेपाल गरीब राष्ट्र होइन । धनी हुने पर्याप्त सम्भावना बोकेको एउटा समृद्ध राष्ट्र हो । नेपालमा प्राकृतिक स्रोत ( कृषि हिमशृङ्खला, वन, जल, जलवायु, जडीबुटी आदि) हरूको असीमित भण्डार छ । यसको उदाहरण सगरमाथा हो । पर्वतीय पर्यटनका लागि सगरमाथा आर्थिकरूपमा कति लाभदायक छ, त्यो हामी सबैले जानेबुझेको कुरा हो ।

नेपाललाई गरीब बनाइएको हो । नेपाललाई कसरी गरीब बनाइयो ? नेपाललाई गरीब ककसले बनाए ? आउनु होस् त्यसबारे चर्चा गरौं ।

राणा शासनकाल र तत्कालीन नेपाली दरबारका क्रियाकलापहरू नेपाललाई गरीब बनाउन जिम्मेवार रहेको हामीसँग ताजा इतिहास छ । राणा शासनकालमा शासन व्यवस्था र दरबार केवल राजनीतिक दाउपेंचको भूमिकामा सीमित रह्यो । शासकहरू जहिले पनि सत्ता र शक्ति हस्तगत गर्न तल्लीन रहे । देशको आर्थिक विकासतिर उनीहरूको ध्यान कहिले केन्द्रित हुन सकेन । उनीहरूको अर्जुन–दृष्टि सत्ता प्राप्ति मात्र रह्यो । जहिले पनि सत्ताको लागि मारकाट गरे । कोतपर्व, भण्डारखला पर्व, लाइब्रेरी पर्व, पजनीजस्ता षड्यन्त्रमा लागे । नेपालमा रहेको असीमित प्राकृतिक साधन र स्रोतको उपयोग गरेर नेपालको श्रीवृद्धि गर्न तत्कालीन शासकहरूले ध्यान दिएनन् ।

नेपालमा प्रजातन्त्रको स्थापना २००७ सालमा भयो । प्रजातन्त्र आएपछि मुलुकमा आर्थिक विकासको लहर आउला भन्ने अपेक्षा गरिएको थियो तर त्यो अपेक्षा पूरा हुन सकेन । नेपाली राजनीतिक स्थिति प्रजातन्त्रको स्थापना पछि झनै अस्थिर भएर गयो । मुलुकको आर्थिक विकास प्राथमिकतामा परेन ।

२०१७ सालमा राजा महेन्द्रले शासन व्यवस्था आफ्नो हातमा लिएर पञ्चायती व्यवस्था लागू गरेपछि उनले देशको आर्थिक विकासका लागि केही गर्ने प्रयास गरे । २०१७ देखि २०२५ सालसम्मको अवधिमा उनले वीरगंज चिनी कारखाना, जनकपुर चुरोट कारखाना, कृषि औजार कारखानाजस्ता उद्योग स्थापना गरेर नेपालमा औद्योगिक विकास गर्ने प्रयास गरे । तर पञ्चायत नियन्त्रित राजा महेन्द्रको शासनकाल पनि देशको आर्थिक विकासको लागि अनुकूल र सुखद हुन सकेन । नेपालमा नियन्त्रित आर्थिक विकास हुन थाल्यो । राजा र पञ्चायती शासकहरू, नेपालमा आर्थिक विकासको गतिले तीव्रता लिए मजदूरहरू सङ्गठित हुन सक्ने र त्यसको प्रभाव नेपाली जनतामा परेर पञ्चायती व्यवस्था मात्र होइन, राजतन्त्र नै समाप्त हुने भयले ग्रसित भए । यो भयले गर्दा राजा र पञ्चायती शासक (प्रधनमन्त्री, मन्त्री र राष्ट्रिय पञ्चायतका सदस्यहरू) हरू नेपालमा नियन्त्रित किसिमले आर्थिक विकास गर्ने दाउमा लागे । यो दाउको उद्देश्य राजतन्त्र जोगाउनु थियो । राजतन्त्र जोगाउने दाउले मुलुकको आर्थिक विकासलाई पट्टकै महत्त्व दिएन । अर्कोतिर राजतन्त्र जोगाउँदा राजदरबार मात्र होइन, पञ्चायती शासकहरूलाई पनि बढी राजनीतिक लाभ हुने स्थिति थियो ।

नियन्त्रित किसिमले नेपालको आर्थिक विकास गर्ने पद्धति राजा वीरेन्द्रको शासनकालसम्म जारी रह्यो । तर जब नेपालमा २०४६ सालमा, प्रजातन्त्रको पुनः स्थापना भयो, आर्थिक विकासको ढाँचामा केही परिवर्तन आउने सङ्केत देखियो । नियन्त्रित किसिमले होइन, अब खुला किसिमलेआर्थिक विकास गर्नुपर्छ भन्ने सोच नेपालका नेताहरूमा आउन थाल्यो । त्यति मात्र होइन, २०४६ सालपछि गठित सरकारहरूले खुला बजार र उदार अर्थ नीति अवलम्बन गर्न थाले । देशमा आर्थिक विकासको सङ्केत पनि देखियो । यो कालमा सर्वाधिक फाइदा बैंकिंग क्षेत्रले उठायो । नेपालमा निजी क्षेत्रमा निकै बैंक स्थापना भए । निजी अस्पताल एवं कलेजहरूको पनि विकास तीव्र गतिमा भयो । ठूल्ठूला पसल एवं मलहरूको स्थापना भयो । नेपालको आर्थिक विकासको गतिले तीव्रता नपाए पनि सही दिशा समातेको भने आभास हुन थाल्यो ।

२०५२ सालमा माओवादीले प्रारम्भ गरेको अति रक्तपातपूर्ण सङ्घर्षले नेपालले समातेको आर्थिक विकासको दिशा परिवर्तन मात्र गरेन उल्टो दिशामा पुर्‍याइदियो । आर्थिक विकासको गति सुस्त हुने मात्र होइन उद्योग, बैंक, व्यापार माओवादीका भौतिक काबाईको निशाना बन्न थाले । बैंकहरू लुटिए, उद्योगहरूमा आगजनी भयो । पुल, बस आदि बमले उडाउने कामसमेत माओवादीहरूले गरे । २०५२ देखि २०६२ सालसम्मको स्थिति नेपालको आर्थिक विकासको इतिहासमा सर्वाधिक निराशाजनक रह्यो । यो अवधिमा नेपालको आर्थिक विकासको गति स्थिर मात्र भएन, उल्टो मुलुक गरीबीको चपेटामा पर्ने स्थिति देखियो । गरीबी र निराशाले गर्दा ठूलो सङ्ख्यामा नेपालको युवा रोजगारका लागि खाडी मुलुकहरूमा पुगे । २०५२ देखि २०६२ सम्मको अवधि, माओवादी सशस्त्र सङ्घर्षको अवधि, नेपालको आर्थिक विकासको लागि कालो कालखण्डको रूपमा स्थापित हुन पुग्यो । यो स्थितिका लागि माओवादीका सोझा कार्यकर्ताहरू होइन, उच्च तहका नेताहरू जिम्मेवार हुनुपर्छ–मुख्यरूपमा पुष्पकमल दहाल, बाबुराम भट्टराई, मोहन वैद्य आदि हुनुपर्छ ।

मधेसमा चलेको आन्दोलनले पनि नेपाललाई गरीब बनाउन महत्त्वपूर्ण भूमिका खेलेको छ । मधेसमा चलेको आन्दोलन मधेसी जनताको हक हितका लागि हो भनेर प्रचार गरिए पनि, त्यो आन्दोलन केही मधेसी नेताहरूले आफू शक्तिमा पुग्नका लागि गरेका थिए वा मधेस आन्दोलनलाई उनीहरूले सत्ताको शिखरमा पुग्ने सिंढीको रूपमा प्रयोग गरेका थिए । मधेसमा चलेको वीरगंज केन्द्रित आन्दोलनले मधेसमा एक किसिमको व्यापारिक एवं औद्योगिक अनिश्चितता सृजना गर्‍यो । लगानीकर्ताहरू त्यस क्षेत्रमा लगानी गर्न भयभीत भए । व्यापारीहरू त्रसित भए । परिणामास्वरूप मधेसको औद्योगिक एवं व्यापारिक क्रियाकलपामा सुस्तता आयो । रोजगारको क्षेत्रमा ठूलो सङ्कुचन आयो । कुनै समयमा अन्नको भण्डार कहलिने क्षेत्र (तराई) का युवा जीविकाका लागि ठूलो सङ्ख्यामा खाडी मुलकतिर पलायन हुन बाध्य भए ।

कुनै पनि राजनीतिक दलप्रति पूर्वाग्रह नराखी, कुनै एक नेताप्रति गलत धारणा नबनाई निष्पक्ष किसिमले नेपालको आर्थिक विकासको इतिहास हेर्ने र त्यसको मूल्याङ्कन एवं विश्लेषण गर्ने हो भने के प्रस्ट हुन्छ भने धनी हुने प्रबल सम्भावना बोकेको नेपाललाई यस मुलुकका अनुभवहीन नेताहरूले अति गरीब बनाएका हुन् । स्वार्थी नेताहरूको लोभी एवं कपटी व्यवहारले गर्दा नेपाल गरीब भएको हो । नेताहरूले आफ्नो व्यक्तिगत फाइदा (सत्तामा पुग्ने, प्रधानमन्त्री, मन्त्री, सांसद हुने) का लागि नेपाललाई गरीब बनाएका हुन् । यो सिलसिला राणाकालदेखि चल्दै आएको छ । आफ्नो स्वार्थका लागि अनेक किसिमका रक्तपातपूर्ण पर्वहरू गरेर, आन्दोलनहरू गरेर, देशमा उथलपुथल मचाएर, नेपालका शासकहरूले, नेताहरूले, पछिल्लो समयमा जनप्रतिनिधिहरूले नेपाललाई गरीब बनाएका हुन् ।

आफ्नो फाइदाका लागि मुलुकको राजनीति अस्थिर पारेर, औद्योगिक एवं व्यापारिक गतिविधिहरू सुस्त बनाएर नेपाललाई गरीब बनाउने काममा, यो पछिल्लो समयमा पनि सुधार आउन सकेको छैन । वर्तमानमा प्रम केपी ओली पनि आफ्नो राजनीतिक फाइदाको लागि राजनीतिक अस्थिरता उत्पन्न गराएर नेपालको आर्थिक विकासको गतिलाई सुस्त पार्न लागेका देखिन्छन् । सर्वमान्य राजनीतिक निकासको लागि ओलीले केही पनि नगरेको देखिएको छ । अहिलेको यो अनिश्चित राजनीतिले विराम पाएर, मुलुकमा राजनीतिक निश्चितताको स्थिति आउने हो भने नेपालको आर्थिक विकासको गतिले तीव्रता पाउने थियो । कस्तो अचम्म ! मुलुकको आर्थिक विकासका लागि नयाँनयाँ आर्थिक योजना, नीति तथा कार्यक्रमको घोषणा हुनुपर्ने समयमा नयाँनयाँ मन्त्रीहरूको नाम, उनीहरूले शपथ ग्रहण गरेका समाचारहरू आइरहेका छन् ।

अब हामीले यो बुझ्न ढिलो गर्नुहुँदैन कि एउटा धनी देश नेपाललाई गरीब बनाउन यस मुलुकका शासक, नेता एवं जनप्रतिनिधिहरूले अहम् भूमिका खेलेका छन् । उनीहरूको अदूरदर्शिताले गर्दा नै नेपाल गरीब भएको हो । २००७ देखि वर्तमानसम्मको इतिहासले यस तथ्यको पुष्टि गर्छ ।

तर साथमा यो तथ्य पनि बुझ्न आवश्यक छ कि यी शासक वा नेताहरू आकाशबाट झरेका होइनन् । यस्ता नेताहरूको उत्पादन हाम्रै समाजमा भएको हो । यस्ता नेताहरूलाई पटकपटक भोट दिएर हामीले नै चुनावमा जिताएका हौं ।

सही नेता उत्पादन गर्न हामीले हाम्रो सोच एवं व्यवहारमा परिवर्तन गर्न नितान्त आवश्यक छ । माटो जस्तो हुन्छ बिरुवा पनि त्यसै अनुसार उम्रिन्छ । माटो असल भए मात्र बिरुवाको उचित विकास हुने हो, बिरुवा सप्रिने हो । होइन र ?

# बर्साइत पर्व मनाउँदै मिथिलानी

महोत्तरी, २७ जेठ/रासस

विवाहित हिन्दू मैथिल नारीले बिहीवार बर्साइत (वटसावित्री) पर्व मनाइरहेका छन् । जेठ औंसीका दिन अटल सौभाग्यको कामना गर्दै मनाइने यो पर्व मिथिलानी (मिथिलाका नारी)ले आज मनाइरहेका हुन् । अघि सत्ययुगमा सतीसावित्रीले आफ्नो तपस्या र साधनाले जेठ औंसीका दिन अटल सौभाग्यको वरदान पाएको विश्वासका आधारमा यो पर्व मनाउने मैथिल परम्परा छ । जेठ कृष्ण चतुर्दशीका दिन चोखोनितो खाएर व्रत सङ्कल्प गरेपछि औंसीका दिन निराहार व्रत बसेर आफ्नो बस्तीनजीकको वट वृक्ष (वरको रूख) फेदमा बर्तालु मिथिलानीले सामूहिकरूपमा सावित्रीलाई सम्झँदै ब्रह्मा, विष्णु र महेशसहितका इष्टदेवको पूजा आराधना गर्दै यो पर्व मनाउँछन् ।

बर्तालुले जेठ शुक्ल प्रतिपदाका दिन बिहान सूर्योदयसँगै यो व्रत सम्पन्न गर्ने परम्परा छ । यसपालि भने कोरोना सन्त्रास छल्न जारी निषेधाज्ञाभित्रै मिथिलानीले घरघरमैं बर्साइत मनाउने तयारी गरेका छन् । पर्वमा वट वृक्षको महत्त्व हुने हुँदा घरमैं गमलामा सजाइएको वरको बिरुवामा पूजा गर्ने तयारी देखिएको छ ।



घरमैं बिहीवार पूजापाठ गर्दै महिलाहरू । तस्वीरः रासस

सावित्रीले आफ्नो तपोबलले इष्टदेव रिझाएर ढलेका (अचेत भई ढलेका, कतिपय सन्दर्भमा मृतजस्तै पनि भनिएको छ) आफ्ना पति सत्यवान्लाई जगाएर अटल सौभाग्यको वर पाएकी पौराणिक कथा नै यो पर्वको परम्परा रहेको छ । वरको रूखमा ब्रह्मा, विष्णु र महेशसहितका तीनै देवताको बास हुने मैथिल जनविश्वास अनुसार यो पर्वको सङ्कल्प, पूजा आराधना र समापन पनि वरकै रूख तल सम्पन्न गरिने परम्परा रहेको आज घरमैं पर्व मनाइरहेकी महोत्तरीको भङ्गाहा नगरपालिका–४ रामनगरकी श्यामा झा बताउँछिन् ।

नयाँ–नयाँ वस्त्र परिधानमा सजिएर वटवृक्ष परिसर सरसफाइ गर्नेदेखि औंसीका दिन सावित्री कथा वाचन र श्रवण गर्ने यो व्रत परम्परा छ । साथीसङ्गीसँग नाच्दै, गाउँदै वटवृक्षमुनि वटसावित्री कथा सुनेर मनाइने यो पर्व मिथिलानीहरूका लागि भेटघाट, हँसीमजाक र घरायसी दुःख–सुख एकअर्कालाई सुनाउने अवसरसमेत हुने गरे पनि यसपालि कोभिड–१९ महाव्याधि छल्न जारी निषेधाज्ञाभित्र पर्व मनाउनुपरेकाले घरघरै छुट्टाछुट्टै पर्व गर्नुपरेको मिथिलानी बताउँछन् । गत वर्ष पनि पर्वको बेला कोरोना कहरले जारी लकडाउनभित्रै पर्व मनाउनुपरेको मिथिलानी सम्झन्छिन् ।

मिथिलामा केही वर्ष पहिलेसम्म ब्राह्मण, कायस्थ र सोनार जातिका महिलाले मात्रै मनाउने यो पर्व अब सबै जातजातिले मनाउन थालेका छन् । मिथिलामा पछिल्लो समयमा विभिन्न

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# भारतमा एक लाखभन्दा कम कोरोना सङ्क्रमित

नयाँ दिल्ली, २७ जेठ/सिन्ह्वा

भारतमा बुधवार १ लाखभन्दा कम व्यक्तिमा कोरोना सङ्क्रमण देखा परेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बिहीवार जानकारी दिएको छ। यहाँ गत २४ घण्टामा ९४ हजार ५२ जना कोरोना सङ्क्रमित भेटिएका छन्। एक लाखभन्दा कम कोरोना सङ्क्रमित भेटिएको भारतमा यो तेस्रो दिन हो।

गत २४ घण्टामा भारतमा कोरोना सङ्क्रमणको कारण ६ हजार १४८ जनाको मृत्यु भएको समाचार प्राप्त भएको छ। एक दिनमा कोरोनाबाट मृत्यु भएको भारतमा अर्थात् संसारभरमा नै कोरोना शुरू भएयताको यो सबैभन्दा धेरै सङ्ख्या हो।

प्राप्त समाचार अनुसार बिहारमा कोरोना सङ्क्रमणबाट ३ हजार ९७१ जनाको मृत्यु भएपछि भारतमा एकै दिनमा ६ हजार १४८ जनाको मृत्यु भएको बताइएको हो। यद्यपि बिहारबाट प्राप्त यो समाचार एकै दिनको नभएको र मृतकको पुरानो रेकर्डलाई पनि समावेश गरिएको समाचारमा जनाइएको छ। यसैसँगै भारतमा कोरोनाबाट मृत्यु भएका व्यक्तिको सङ्ख्या ३ लाख ५९ हजार ६७६ पुगेको छ।

हाल भारतमा कोरोना सङ्क्रमितको सङ्ख्या २ करोड ९१ लाख ८३ हजार १२१ पुगेको मन्त्रालयले बिहीवार जानकारी दिएको छ। गत २४ घण्टामा भारतमा १ लाख ५१ हजार ३६७ जना सङ्क्रमित कोरोनामुक्त भएका छन्। यसैसँग भारतमा २ करोड ७६ लाख ५५ हजार ४९३ जना कोरोनामुक्त भएका छन्। हाल यहाँ ११ लाख ६७ हजार ९५२ जना सक्रिय सङ्क्रमित रहेका छन्।

भारतमा बुधवार एकै दिनमा २० लाख ३४ हजार ६९० जनाको कोरोना परीक्षण भएको सरकारी स्रोतले जानकारी दिएको छ। गत जनवरी १६ बाट भारतमा कोरोना भाइरसविरुद्ध खोप अभियान शुरू भएको थियो। सो समयदेखि हालसम्म भारतमा २३ करोड ९० लाख ५८ हजार ३६० डोज खोप लगाइएको छ।

### श्रीलङ्कामा सन् २०२२ सम्ममा सबैलाई कोभिडको खोप लगाइने

कोलम्बो/सिन्ह्वा

श्रीलङ्काले सन् २०२२ सम्ममा आफ्ना नागरिकलाई खोप लगाइसक्ने बताएको छ। श्रीलङ्का सरकारले सोहीबमोजिम काम गरिरहेको अधिकारीहरूले जानकारी दिएका छन्। श्रीलङ्काका सञ्चारमाध्यमहरूले यहाँको सेनाका एकजना कमान्डरलाई उद्धृत गर्दै सो जानकारी दिएका हुन्।

यहाँका सैनिक कमान्डर सवेन्दै सिल्भाले बुधवार एक कार्यक्रममा बोल्दै यहाँको सरकारले यस अनुसारको कामको तयारी गरिरहेको जानकारी दिएका हुन्। उनले श्रीलङ्कामा खोप लगाउने राष्ट्रिय कार्यक्रमको घोषणा गरिएको र देशव्यापीरूपमा नै खोप लगाउन थालिएको पनि उनले सो कार्यक्रममा बताएका थिए।

उनले यो सरकारको कार्यक्रम रहेको र यसलाई सघाउनु सबै नागरिकको कर्तव्य पनि भएको उनले जानकारी दिए। वास्तवमा कोभिडको महामारी भनेको सरकारको मात्र या कुनै स्वास्थ्यसम्बन्धी मुद्दा नभएर देशकै समस्या भएकोले सबैले एक भएर यसका विरुद्ध काम गर्नुपर्ने पनि उनले बताए।

श्रीलङ्का सरकारले आफ्ना नागरिकलाई आवश्यक पर्ने खोपको खोजी गरिरहेको र आवश्यकताका आधारमा प्राप्त गर्ने आश्वासन पनि पाएको उनले बताएका छन्। उनले श्रीलङ्काले अहिले कोरोनाको तेस्रो लहरको सामना गरिरहेको जानकारी पनि दिए। श्रीलङ्कामा कोभिड–१९ का दुई लाखभन्दा बढी व्यक्ति सङ्क्रमित छन्।

### अमेरिकाले फाइजरको ५० करोड डोज खोप अगस्तदेखि वितरण गर्ने

वाशिङ्टन/एएनआई

संयुक्त राज्य अमेरिकाले आगामी अगस्त महीनादेखि विश्वका ९२ मुलुकका लागि फाइजरले उत्पादन गरिरहेको ५० करोड डोज खोप वितरण शुरू गर्ने जनाएको छ।

ह्वाइट हाउसका अनुसार राष्ट्रपति जो बाइडेनले न्यून आय भएका र अफ्रिकाका ९२ मुलुकका लागि फाइजरको खोप खरीद गरेर वितरण गर्ने घोषणा गरेका छन्।

कोरोना भाइरस महामारीविरुद्ध लड्न यस ऐतिहासिक अभियानले ठूलो मदत पुग्ने ह्वाइट हाउसले जनाएको छ। रासस


"तपाईको स्वास्थ्य, हाम्रो अठोट"

**नेपाल सरकार**
**स्वास्थ्य बीमा बोर्ड**
टेकु, काठमाण्डौ

**स्वास्थ्य बीमा सम्बन्धी जानकारी**

स्वास्थ्य बीमा कार्यक्रम देशका प्रत्येक नागरिकलाई स्वास्थ्य उपचारमा सरल र सहज पहुँच पुऱ्याउने उदेश्यले ल्याईएको नेपाल सरकारको प्राथमिकता प्राप्त कार्यक्रम हो। यसले हाल स्वास्थ्य उपचारमा अनियन्त्रित रुपमा भइरहेको व्यक्तिगत तथा परिवारिक खर्चलाई घटाउने लक्ष्य लिइएको छ। यस कार्यक्रममा परिवारलाई इकाईको रुपमा लिएको छ।। यो कार्यक्रम आ. व. २०७२/०७३ मा कैलाली जिल्लाबाट सुरु भई चरणवद्ध रुपमा देश भर विस्तार हुँदैछ। साथै आगामी आ.व. २०७७/०७८ भित्र देशका ७७ वटै जिल्लामा पुऱ्याउने लक्ष्य रहेको छ।

**स्वास्थ्य बीमामा आबद्ध हुने तरिका**
- प्रत्येक वडामा रहेका दर्ता सहयोगी मार्फत यस कार्यक्रममा आबद्ध हुन सकिन्छ।
- बिमीत हुन चाहने परिवारले आफ्नो घरमुली तथा अन्य सदस्यहरुको नागरिकता वा नेपाल सरकारबाट जारी वैधानिक परिचय पत्र अनिवार्य रुपमा देखाई परिवारका सबै सदस्यहरुको आवश्यक फाराम भरि दर्ता सहयोगीले मोबाइलबाट फोटो खिचेर मात्र आबद्ध हुन सकिन्छ।

**बीमामा आबद्ध हुन लाग्ने योगदान रकम**
- ५ जनासम्मको परिवारलाई वर्षिक रु. ३५००।–
- ५ जना भन्दा बढी सदस्य भएको परिवारमा थप प्रति सदस्यको लागि रु. ७००।–
- ७० वर्ष भन्दा माथिका जेष्ठ नागरिक, अति गरिब, अति अशक्त, अपाङ्गता भएका व्यक्ति एवं कुष्ठरोगी, एम.डि.आर. टि.वि. र एच.आइ.भि. संक्रमित बिरामी भएका घर परिवारलाई योगदान रकममा पूर्ण छुटको व्यवस्था छ।

**बिमीत परिवारले पाउने सुविधाको थैली**
- ५ जना सम्मको परिवारको वार्षिक रु. १,००,०००।– सम्मको स्वास्थ्य उपचार पाइन्छ।
- ५ जनाभन्दा बढी प्रति थप सदस्य बापत सुविधाको थैलीमा रु.२०,०००।– वृद्धि हुदै जान्छ र परिवार संख्या अनुसार बढीमा रु.२,००,०००।– सम्मको उपचार सुविधा पाइन्छ।
- जेष्ठ नागरिकले वार्षिक रु.१,००,०००।– सम्मको स्वास्थ्य उपचार सेवा पाउनेछन्।
- स्वास्थ्य बीमामा सुविधा लिन हरेक वर्ष अनिवार्य रुपमा नविकरण गर्नु पर्दछ।

**स्वास्थ्य बीमा कार्यक्रमबाट उपलब्ध हुने सेवा सुविधाहरु**
- वहिरंङ्ग, अन्तरंङ्ग, आकस्मिक तथा अन्य कक्षबाट प्रदान गरिने बीमा बोर्डले तोकेका उपचार सेवाहरु।

**स्वास्थ्य बीमा कार्यक्रम काठमाडौं र ललितपुर जिल्ला बाहेकका अन्य सम्पूर्ण जिल्लाहरूमा लागु भैसकेको छ।**

"स्वास्थ्य सेवामा सर्वव्यपी पहुँचका लागिः स्वास्थ्य बीमा"

**थप जानकारीको लागि**

www.hib.gov.np मा लग इन अ थवा कार्यालय समयभित्र
हट लाइन १६६०-०१-११२२४ मा फोन गर्नुहोस।

"सबैले समयमै स्वास्थ्य बीमा गरौं, परिवारको स्वास्थ्य उपचारमा ढुक्क होऔं"


# उत्थानशील अर्थतन्त्रका लागि सहकारी

अर्थ-उद्योग-वाणिज्य




शीतल महतो
shitalmahato@gmail.com


**यति ठूलो योगदानका बावजूद सहकारी क्षेत्रले सर्वसाधारणको पूर्ण विश्वास जित्न सकेको छैन। यसको मुख्य कारण हो– सहकारीको वित्तीय कारोबारलाई सरकारले मान्यता नदिनु र नियमनकारी निकायले स्पष्ट मापदण्ड तयार गर्न नसक्नु।**

कुनैपनि मुलुकको आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपान्तरणमा सहकारी क्षेत्रको महत्त्वपूर्ण भूमिका हुन्छ। सहभागिता, समावेशिता, सशक्तीकरण, सचेतना विस्तार वा आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक आयाम, जताबाट हेरे पनि सहकारी क्षेत्र समुदायको स्वस्फूर्त र सशक्त अभियान हो। नेपालले पनि सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने नीति लिएको छ। नेपालको संविधानले 'समाजवाद उन्मुख, स्वतन्त्र र समृद्ध अर्थतन्त्र निर्माण'को लक्ष्य पूरा गर्न सहकारीलाई महत्त्वपूर्ण आधारको रूपमा लिएको छ। अन्य दुई आधार भनेको सार्वजनिक र निजी क्षेत्र हुन्। सरकार स्वाभाविक रूपमा अहङ्कारी हुन्छ, साधनको विनियोजन दक्षता देखाउन र आम नागरिक परिचालन गर्न सक्दैन। निजी क्षेत्र साधन परिचालनमा कुशलता त देखाउँछ, तर सर्वसाधारणको हितरक्षा र सहज पहुँचभन्दा लगानीका प्रतिफलका लागि ऐच्छिकरूपमा दौडिन्छ। लोककल्याणकारिता र न्यायमा आधारित वितरण प्रणाली निजी क्षेत्रको सरोकारको विषय होइन। सहकारी पारस्परिक हितका लागि स्वस्फूर्त परिचालित हुने क्षेत्र हो। स्वपरिचालन, स्वअनुशासन, स्वयं उत्तरदायित्व, आपसी ऐक्यबद्धता र न्यायजस्ता मूल्यबाट सहकारी क्रियाशील हुन्छ। वास्तवमा सहकारी एकता, विश्वास, सहयोग र सन्तुष्टिको माध्यम पनि हो।

विश्वमा सहकारीको अवधारणा १९ औं शताब्दीमा आएको देखिन्छ। नेपालमा पनि आर्थिकरूपले पछाडि परेका सर्वसाधारणको जीवनस्तरमा सुधारको प्रत्याभूति दिन २०१० सालमा सहकारी विभाग स्थापना भएको थियो। यहींबाट अघि बढेको नेपालको सहकारी अभियानले ६७ वसन्त पार गरिसकेको छ। सहकारीको आवश्यकता तथा अपरिहार्यतालाई दृष्टिगत गर्दै सहकारी ऐन–२०४८ पछि गति लिन थालेको यो अभियान यति बेला सहकारी ऐन–२०७४ र नियमावली–२०७५ बाट निर्देशित छ। सरकारी क्षेत्र पुग्न नसकेको र निजी क्षेत्र पुग्न नचाहेको मुलुकका विभिन्न स्थानमा सेवा प्रदान गर्दै आएको सहकारीले आर्थिक–सामाजिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन्। सहकारी क्षेत्रलाई लघुवित्त कारोबारसँगै उत्पादन, बजारीकरण र सेवा प्रवाहमा संलग्न गराउनुपर्ने आवश्यकता देखिएको छ। २०१३ सालमा चितवनको बखान सहकारीका नाममा प्रारम्भ भएर हाल मुलुकका ७७ जिल्ला र ७४९ स्थानीय तहमा सहकारी पुगेको छ। मुलुकभरि रहेका करीब ३५ हजार प्रारम्भिक सहकारी संस्थाले झन्डै ६९ हजारलाई प्रत्यक्ष रोजगार र लाखौं व्यक्तिलाई अप्रत्यक्षरूपमा लाभान्वित गराइरहेको छ। झन्डै ६५ लाख मानिस सहकारी सञ्जालमा आबद्ध छन्। आबद्ध सदस्यमध्ये महिलाको हिस्सा आधाभन्दा बढी छ। कुल गार्हस्थ्य उत्पादनमा चार प्रतिशत योगदान पुऱ्याएको सहकारी समाजवादप्रति प्रतिबद्ध राष्ट्र निर्माणको आधार बनाउने दिशामा अगाडि बढेको छ।

वास्तवमा संयुक्त स्वामित्व र प्रजातान्त्रिक नियन्त्रणमा रहने उद्यमका माध्यमबाट समान आर्थिक, सामाजिक, सांस्कृतिक आवश्यकता एवं आकाङ्क्षा प्राप्तिका लागि स्वेच्छाले एकताबद्ध व्यक्तिहरूबाट स्थापित सङ्गठन सहकारी हो। आत्मसहयोग, स्वउत्तरदायित्व, प्रजातान्त्रिक व्यवस्थापन, समानता, न्याय र ऐक्यबद्धताजस्ता आधारभूत मूल्यमा आधारित भएर सहकारी, सामाजिक, आर्थिक र मानवीय तीनै प्रकारको, पूँजी निर्माण गर्न सक्ने भएकोले यसलाई गरीबी निवारणको माध्यम र आर्थिक समृद्धिको आधार पनि मानिएको छ। त्यसैले तीन खम्बे अर्थनीतिमा महत्त्वपूर्ण खम्बा मानिने सहकारी क्षेत्रका लागि सरकारले आर्थिक वर्ष २०७८–७९ मा सार्वजनिक, निजी र सहकारी क्षेत्रमा उपलब्ध स्रोत र साधनलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्दै उत्थानशील अर्थतन्त्र निर्माण गर्ने लक्ष्य लिएको छ। सहकारी क्षेत्रको सुदृढीकरण र उत्थानशील अर्थतन्त्र निर्माण गर्न सरकारले भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालयका लागि रु ८ अर्ब २१ करोड रुपियाँ विनियोजन गरेको छ। गरीबी निवारण कोष खारेज गरी कोषमा आबद्ध करीब ३२ हजार सामुदायिक समूहलाई सहकारीमा रूपान्तरण गरिने विषय पनि आगामी आर्थिक वर्षको बजेटमा उल्लेख छ। बजेटले रोजगार सिर्जना, कृषिमा सहुलियत, गरीबी निवारणलगायत विषयसँग सहकारीलाई जोडेर सम्बोधन गरेको छ। नागरिकलाई मर्यादित रोजगार सुनिश्चित गर्न सरकारी, निजी, सहकारी र गैरसरकारी क्षेत्रको समन्वय र सहकार्यमा काम र रोजगारको अवसर सिर्जना गर्ने, सामूहिक व्यावसायिक खेती गर्ने, कृषि सहकारी संस्थाले आयात गर्ने एउटा ढुवानीको साधनमा लाग्ने भन्सार महसूलमा ५० प्रतिशत छुटलगायत बैंकहरूले विदेशी वित्तीय संस्थाबाट लिएको ऋणको ब्याज भुक्तानीमा लाग्ने अग्रिम करको दर घटाइएको छ भने सहकारी बैंक तथा सहकारी सङ्घसंस्थाले परस्पर ऋण लगानीबापत तिरेको ब्याजमा अग्रिम कर कट्टी गर्न नपर्ने व्यवस्था आगामी आर्थिक वर्षको बजेटले गरेको छ।

सहकारी क्षेत्रलाई अर्थतन्त्रको महत्त्वपूर्ण आधारस्तम्भका रूपमा विकास गरिने, वित्तीय पहुँच विस्तार, सामाजिक एवं आर्थिक सशक्तीकरण र उत्पादनशील क्षेत्रमा सहकारी सङ्घसंस्थालाई परिचालन गरिने छ भने भूमिहीन, सुकुमबासी, दलित एवं पिछडिएका वर्ग र समुदायलाई सहकारी संस्थामा आबद्ध गरी उद्यमशीलता विकासका कार्यक्रम सञ्चालन गरिने आगामी आर्थिक वर्षको बजेटमा उल्लेख छ। सहकारी सङ्घसंस्थालाई स्थानीय कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योग प्रवर्द्धन, स्थानीय उत्पादन भण्डारण, प्रशोधन, प्याकेजिङ र बजारीकरणका लागि प्रोत्साहित गर्ने तथा कृषि एवं पशुपन्छीजन्य उत्पादन प्रशोधन गरी मूल्य शृङ्खला विकास गर्न सहुलियत कर्जा दिने व्यवस्था बजेटले गरेको छ। सहकारी सङ्घसंस्थाहरूलाई स्थानीय तहसँग साझेदारी गरी कृषि बजार केन्द्र स्थापना गर्न सहयोग उपलब्ध गराइने छ भने कृषि सामग्री भण्डारण गर्न साबिकका साझा सहकारी संस्थाका गोदाम मरम्मत गरी सञ्चालनमा ल्याउन स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्ने, सहकारीको माध्यमबाट खाद्यान्न, दलहन, तरकारी, फलफूल, चिया, अलैंची, कफी खेती गर्न आवश्यक बीउबिजन, यन्त्र र उपकरण खरीदमा अनुदान दिने व्यवस्था बजेटले गरेको छ। रोजगारको अवसर विस्तार गर्ने सहकारी सङ्घसंस्थाहरूको क्षमता अभिवृद्धि र संस्थागत सुदृढीकरणका लागि प्राविधिक सहयोग र प्रतिफलमा आधारित अनुदान उपलब्ध गराइने बजेटमार्फत सरकारले नीति लिएको छ।

सहकारी क्षेत्रले विपन्न, दुर्गम क्षेत्र, आदिवासी, जनजाति, मधेसी, दलित, अपाङ्ग, अल्पसङ्ख्यकलगायत सबै वर्ग, क्षेत्र र समुदायलाई समेटेको छ। तर, सुशासन सुनिश्चित गर्न नसक्नु सहकारी क्षेत्रको मुख्य चुनौती हो। वित्तीय कारोबार गर्ने सहकारी सङ्घसंस्था र सहकारी बैंकका लागि स्पष्ट कानूनी व्यवस्था हुन नसक्दा सहकारीमार्फत हुने वित्तीय कारोबार व्यवस्थित, सुरक्षित र भरपर्दो बनाउन कठिनाइ भएको छ। सङ्ख्या र कारोबारको बृहत् आकारले गर्दा सहकारी अनुगमन सहकारी विभागमार्फत गर्न कठिन देखिएको अवस्थामा अब सहकारी सङ्घसंस्थालाई प्रभावकारी अनुगमनको व्यवस्था गर्न जरूरी देखिएको छ। विभिन्न मुलुकमा वित्तीय र उत्पादनमूलक सहकारीका अनुकरणीय अभ्यास पनि देख्न सकिन्छ। तिनको कार्यसम्पादन प्रक्रिया पनि विशिष्टीकृत हुन्छ। तर नेपालमा वित्तीय र उत्पादनमूलक सहकारीको विशिष्टीकृत प्रकृतिलाई समग्रतामा हेर्ने उल्टो चलन छ। त्यसैले पनि नेपालको सहकारी अभियानले सोचे अनुसार गति लिन सकेको छैन।

सहकारी संस्थाहरूले देशको सुगम स्थानमा बसोवास गर्ने केही सम्पन्न वर्ग मात्र नभएर भौगोलिकरूपमा विकट स्थानमा बस्ने आर्थिकरूपमा पिछडिएका, सामाजिकरूपमा अपहेलित र शारीरिक रूपमा अशक्त वर्गको समेत जीवनस्तर उकास्न उल्लेखनीय भूमिका खेलेको छ र खेल्दै पनि आएको छ। यति ठूलो योगदानका बावजूद सहकारी क्षेत्रले सर्वसाधारणको पूर्ण विश्वास जित्न सकेको छैन। यसको मुख्य कारण हो– सहकारीको वित्तीय कारोबारलाई सरकारले मान्यता नदिनु र नियमनकारी निकायले स्पष्ट मापदण्ड तयार गर्न नसक्नु। त्यसैले सहकारीमार्फत देशको आर्थिक स्तरोन्नतिको दिगो परिकल्पना साकार बनाउन सर्वप्रथम सहकारीको नियमन र व्यवस्थापन प्रभावाकारी बनाउन नियमनकारी निकाय र समग्र सहकारी अभियानले कदम चाल्नुपर्छ। सहकारीले कृषि, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट आत्मनिर्भर, दिगो, समाजवाद उन्मुख एवं उत्थानशील राष्ट्रिय अर्थतन्त्रको विकास गर्न सहयोग गर्छ। स्थानीय स्तरमा छरिएर रहेको श्रम, सीप, पूँजी, प्रविधि तथा प्रतिभालाई स्वावलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै श्रम, सीप, पूँजी, प्रविधि तथा प्रतिभाको अधिकतम परिचालन गर्ने गरी सहकारीलाई उत्थानशील राष्ट्रिय अर्थतन्त्रको सबल आधार स्तम्भको रूपमा विकास गर्नु आजको आवश्यकता हो।

### बर्साइत.........

जातजातिको छ्यासमिसे बस्ती बढ्ने क्रमले एकअर्काको संस्कृति परम्परा सिक्ने क्रममा यो पर्व सबै जातजातिले मनाउन थालेको मिथिला परम्पराका जानकार तथा कर्मकाण्डका ज्ञाता बर्दिवास–२ का महेशकुमार झाको भनाइ छ। वटसावित्री अब पर्वते मूलका विवाहित महिलाले पनि बाक्लै मनाइरहेका छन्।

विवाहित महिलाले मनाउने यो पर्व मिथिला लोकसंस्कृति र परम्पराको अभिन्न अङ्ग बनेको जिल्लाको मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण संस्कृत क्याम्पस (याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ)का उपप्राध्यापक ध्रुव राय बताउँछन्।

## तीन मन्त्रीद्वारा शपथग्रहण

प्रस, जनकपुरधाम, २७ जेठ/

प्रदेश नं २ का मुख्यमन्त्री लालबाबू राउत गद्दीले मन्त्रिपरिषद् विस्तार गरेका छन्। मुख्यमन्त्री गद्दीले बुधवार साँझ नेपाली काङ्ग्रेसका तीनजना प्रदेशसभा सदस्यलाई मन्त्री नियुक्त गरेका हुन्। रामसरोज यादव भौतिक पूर्वाधार विकास मन्त्री, ओमप्रकाश शर्मा खानेपानी तथा ऊर्जा विकास मन्त्री र वीरेन्द्रप्रसाद सिंह महिला, बालबालिका, युवा तथा खेलकूद मन्त्रीमा नियुक्त भएका छन्। प्रदेश प्रमुख राजेश झाले उनीहरूलाई पद तथा गोपनीयताको शपथ गराएका थिए।



शपथग्रहण गर्दै नवनियुक्त मन्त्रीहरू । तस्वीरः प्रतीक

# मन्त्रिपरिषद् विस्तार : गृहमा अधिकारी, सञ्चारमा थापा

काठमाडौं, २७ जेठ/रासस

राष्ट्रपति विद्यादेवी भण्डारीले प्रधानमन्त्री केपीशर्मा ओलीको सिफारिशमा मौजुदा मन्त्रिपरिषद् विस्तार गरी पूर्णता दिएका छन्। उनले नेकपा (एमाले) र जनता समाजवादी पार्टीका नेतासहित मन्त्री र राज्यमन्त्री गरी थप आठजनालाई सहभागी गराइ २५ सदस्यीय मन्त्रिपरिषद् विस्तार गरेका हुन्। यही जेठ ८ गते प्रतिनिधिसभाको विघटनपछि यो दोस्रोपटक मन्त्रिपरिषद्को विस्तार हो। नवनियुक्त मन्त्रीहरूको आजै शपथ भयो।

विस्तारित मन्त्रिपरिषद्मा रक्षा मन्त्रालय प्रधानमन्त्री केपीशर्मा ओलीले राखेका छन् भने गृह खगराज अधिकारी, उद्योग, वाणिज्य तथा आपूर्तिमा राजकिशोर यादव, सञ्चार तथा सूचना प्रविधिमा नैनकला थापा, कृषि तथा पशुपक्षी विकासमा ज्वालाकुमारी साह, वन तथा वातावरणमा नारदमुनि राना, सङ्घीय मामिला तथा सामान्य प्रशासनमा गणेशकुमार पहाडी र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हेर्ने गरी मोहन बानियाँ मन्त्री नियुक्त भएका छन्।

यसैगरी, आशाकुमारी विकलाई वन तथा वातावरण मन्त्रालयको राज्यमन्त्री नियुक्त गरिएको छ।

## अस्पताललाई उपकरण सहयोग

प्रस, वीरगंज, २७ जेठ/

अग्नि ग्रुपले नारायणी अस्पताललाई विभिन्न उपकरण सहयोग गरेको छ।

बिहीवार अग्नि ग्रुपका अध्यक्ष क्याबिनेट श्रेष्ठले अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा वीरेन्द्र प्रधानलाई स्टेपलाइजर एक थान, युपिएस एक थान र ३२६ एम्पियरको ब्याट्री १६ थान हस्तान्तरण गरे।

उक्त सामान १५ लाख मूल्यबराबरको रहेको अग्नि ग्रुपका वीरगंज शाखा प्रमुख प्रमोद क्षत्रीले जानकारी दिए। सो उपकरण नारायणी अस्पतालले सञ्चालन गरेको आइसोलेशन वार्डका लागि उपयोगी हुने क्षत्रीले बताए।

वीरगंज महानगरका प्रमुख विजयकुमार सरावगीले अस्पतालमा नियमित विद्युत् आपूर्तिको लागि व्यवस्था गर्ने बताए। उनले अस्पताललाई सहयोग गरेकोमा अग्नि ग्रुपलाई धन्यवाद दिए।



कार्यक्रममा नगरप्रमुख सरावगी र मेसु प्रधानलगायत। तस्वीर सौजन्यः वीमनपा

## पूर्वबाट मनसुन प्रवेश गर्दै, केही दिनभित्रै वर्षा बढ्ने

काठमाडौं, २७ जेठ/रासस

नेपालमा अब केही दिनमा पूर्वबाट मनसुन भित्रिने जल तथा मौसम विज्ञान विभागले जनाएको छ। बङ्गालको खाडीबाट मनसुन विकसित भइसकेको र त्यो नेपाल आउने क्रममा रहेको वरिष्ठ मौसमविद् वरुण पौडेलले जानकारी दिए। उनले केही वर्षा बढ्न थालेको र आगामी हप्ताबाट भने ठाउँठाउँमा भारी वर्षासमेत हुने जानकारी दिए।

"हामी अहिले मनसुनको निगरानी गरिरहेका छौं, एक/दुई दिनभित्रैमा मनसुन भित्रिएको घोषणा हुनेछ," पौडेलले थपे, "वर्षा बिस्तारै बढ्न थालेको छ, आगामी हप्ता ठाउँठाउँमा भारी वर्षा भएर बाढी पहिरोसमेत आउन सक्छ, सचेत हुन अनुरोध गर्दछु।" उनका अनुसार पश्चिमी वायुको प्रभाव रहेकाले मनसुन राम्ररी फैलिसकेको छैन।

मौसमविद् गङ्गा नगरकोटी हाल देशमा पश्चिमी वायु, पूर्वीय वायु र स्थानीय वायुको मिश्रित प्रभाव कायम रहेको छ। त्यसले वागमती, गण्डकी, लुम्बिनी र प्रदेश नं १ का केही भेगमा वर्षा जारी छ। काठमाडौं उपत्यकाका विभिन्न स्थानमा पनि वर्षा भएको छ। आज राति देशभर सामान्यदेखि पूर्ण बदली रहनेछ। देशका धेरै स्थानमा मेघगर्जन/चटयाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ। शुक्रवार पनि देशभर सामान्यदेखि पूर्ण बदली रहने र धेरै स्थानमा मेघगर्जन/चटयाङसहित मध्यमसम्मको वर्षा हुनेछ। सामान्यरूपमा विगत १० वर्षयता जून १० मा मनसुन भित्रिएर सेप्टेम्बर २३ मा बाहिरिन्थ्यो। यस वर्षदेखि मनसुन भित्रिने दिन जून १३ अर्थात् आगामी आइतवार हो। अक्टोबर २ मा बाहिरिनेछ। सरदर वर्षाको आँकडा विश्लेषण गरेर मनसुनको मिति तय गरिने भएपनि कहिलेकाहीं केही दिन ढिला र केही दिन चाँडो पनि मनसुन भित्रिने हुन सक्छ। प्राप्त विवरण अनुसार आज २१४ वटा वर्षा मापन केन्द्र (मानव सञ्चालित ८५ र स्वचालित १२९)मा मापन गरिएको गत २४ घण्टाको वर्षाको विवरण अनुसार १०८ केन्द्रमा वर्षा भएको छ। उक्त केन्द्रमध्ये सबैभन्दा बढी वर्षा डडेलधुरा केन्द्रमा ११२ मिलीमिटर भएको छ।

## माछामासुको मूल्य बढ्यो

प्रस, पर्सागढी, २७ जेठ/

पर्साका ग्रामीण क्षेत्रमा पनि माछामासुको मूल्य बढेको छ। गत लकडाउनमा माछामासुको मूल्य यथावत् रहे पनि यसपटकको निषेधाज्ञामा माछामासु महँगो भएको छ।



पर्सागढी नगरपालिकामा माछामासु बेच्दै। तस्वीरः प्रतीक

बोइलर कुखुराको मासु प्रतिकिलो रु ४ सय पुगेको छ भने खसीको मासु रु १ हजार प्रतिकिलो भएको छ। जहिले पनि वीरगंज महानगरभन्दा खसीको मासु ग्रामीण क्षेत्रमा रु १ सयभन्दा बढी सस्तो हुने गरेको थियो तर यसपटक महानगरसरह ग्रामीण क्षेत्रमा खसीको मासु रु १ हजार प्रतिकिलोमा बिक्री भइरहेको छ। वीरगंज महानगरमा गत लकडाउनमा रु ९ सय प्रतिकिलोमा बिक्री भएको खसीको मासु रु १ हजार पुऱ्याइएको थियो। अहिले महानगरमा बोइलर कुखुरा रु ३ सयदेखि ३६० सम्म प्रतिकिलो बिक्री भइरहेको छ। नगवा क्षेत्रमा मात्र बोइलर कुखुरा सस्तोमा बिक्री भइरहेको छ भने अन्यत्र रु ३६० को हाराहारीमा बोइलर कुखुराको मासु बिक्री भइरहेको छ। ग्रामीण क्षेत्रमा भने रु ४ सय पुगेको छ।

यसैगरी, माछाको मूल्य पनि अहिले बढाइएको छ। पोखरीबाट रु २ सयदेखि २७५ प्रतिकिलोमा उठाएर माछा विक्रेताहरूले रु ४ सयदेखि ४५० सम्म प्रतिकिलो बिक्री गर्दैछन्। माछा जति वजनदार भयो, त्यति बढी मूल्य लगाइन्छ। एक किलोभन्दा बढीको माछा रु ४ सय र दुई किलोभन्दा माथिको माछा रु ४५० प्रतिकिलोमा बिक्री भइरहेको छ। प्रशासनले कायम गरेको दररेट अनुसार माछामासु बिक्री हुने गरेको छैन। विक्रेताहरूले आफूखुशी माछामासुको मूल्य बढाउने गरे पनि यसविरुद्ध नियमन गरेर दण्ड सजाय नगरिंदा विक्रेताहरूले जहिले पनि मनपरी गर्दै आएका छन्।

## काकाको टेम्पोमा भतिजाद्वारा आगजनी

प्रस, सर्लाही, २६ जेठ/

सर्लाहीमा भतिजाले काकाको टेम्पोमा आगजनी गरेका छन्।

गोडैता नगरपालिका वडा नं ७ निवारी सन्तोष झाको टेम्पोमा निजका भतिजा भगवान झाले रकम लेनदेनमा विवाद हुँदा आगो लगाएको प्रहरीले बताएको छ।

सन्तोषको घरअगाडि पार्किङ गरिएको ना.२ह ४४९५ नंको टेम्पोमा भगवानले बुधवार साँझ आगजनी गरेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता प्रहरी नायब उपरीक्षक मदन कुँवरले बताए।

आगजनी गर्ने भगवानलाई प्रहरीले पक्राउ गरी अनुसन्धान गरिरहेको छ।






## वीरगंजमा इको-पार्क बन्दै

प्रस, परवानीपुर, २७ जेठ/

वीरगंज महानगरपालिकाले दुई वर्षभित्र साढे ३ करोड रुपैयाँको लागतमा अत्याधुनिक सुविधासम्पन्न 'इको पार्क' निर्माण गरिरहेको छ। वीरगंज-२१ परवानीपुरस्थित धम्म तराई विपश्यना ध्यान केन्द्रको सामुन्ने करीब ३० कट्ठा ऐलानी जग्गामा यो पार्क निर्माण भइरहेको छ।



पार्क निर्माणस्थल। तस्वीरः प्रतीक

ठेकेदार कम्पनी फिजा कन्स्ट्रक्शनले पार्क निर्माणको काम शुरू गरेको जनाएको छ। वातावरण विभागको बजेटमा निर्माण भइरहेको पार्कमा बोटिङ, पोखरी, पिकनिक स्पट, कुकिङ सेड, गजेबो, बगैंचा, गोलघर, कार्यालय, शौचालयलगायतका भौतिक पूर्वाधार निर्माण गरिने वीरगंज महानगरका इन्जिनीयर दिलसाद महमदले बताए।

चालू आवको असार मसान्तसम्म करीब रु ८६ लाखको काम सम्पन्न गर्ने लक्ष्यका साथ काम भइरहेको उनले बताए। अहिले पार्कको मुख्य प्रवेशद्वार, पर्खाल, पोखरी, पिकनिक स्पट, कार्यालय भवन, शौचालयलगायतका निर्माण काम भइरहको उनले बताए।

वीरगंजमा सुविधासम्पन्न पार्क नहुँदा वीरगंजवासी सिमरा, पथलैया, अमलेखगंज, निजगढको मोहरी पार्क, रौतहटको नूनथर, मकवानपुरको शहीद स्मारक, सौराहा, पोखरालगायतका ठाउँमा रमाइलो गर्न जाने गरेका छन्। पार्क निर्माण भएपछि वीरगंजवासीले रमाइलो गर्न, हरियो मनोरम प्राकृतिक वातावरणमा दैनिक व्यायाम गर्न, पिकनिक खेल्न र घुमफिर गर्न पाउने नगरप्रमुख विजयकुमार सरावगीले बताए।

पार्कले पर्सा, बारासँगै भारतीय पर्यटकलाई आकर्षित गर्ने उनले बताए। पार्क निर्माण भएपछि न्यून प्रवेश शुल्क तोकिने उनले बताए।

### नारायणी अस्पतालमा...

अनुरोध गर्ने निर्णय गरेको एमालेका दासले बताए। बैठक अस्पताल विकास समितिका अध्यक्ष पुरेन्द्रकिशोर लाभको अध्यक्षतामा बसेको थियो। बैठकमा गापाका प्रमुख, प्रतिनिधि, विभिन्न राजनीतिक दलका प्रतिनिधि, अस्पताल विकास समितिका सदस्य, मेडिकल सुपरिटेन्डेन्टलगायतको सहभागिता थियो।

### आजको राशिफल

| | |
|---|---|
| मेष — विजय | वृष — कान्तिक्षय |
| मिथुन — सुयश | कर्कट — बेचैनी |
| सिंह — मनोरञ्जन | कन्या — कर्मप्राप्ति |
| तुला — राज्यभय | वृश्चिक — वादविवाद |
| धनु — यात्रालाभ | मकर — शत्रुभय |
| कुम्भ — चोरभय | मीन — उदरपीडा |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## ढुङ्गागिट्टी उत्खनन गर्ने पाँच टिपर नियन्त्रण

प्रस, सिराहा, २७ जेठ/

सिराहाको गोलबजार नगरपालिका-९ बाट पाँचवटा टिपर नियन्त्रणमा लिई कारबाईका लागि नगरपालिकामा बुझाइएको छ।

चुरे क्षेत्रमा अवैधरूपमा ढुङ्गा, गिट्टी उत्खनन गरिरहेको सूचनाका आधारमा इलाका प्रहरी कार्यालय गोलबजारबाट खटिएको प्रहरी टोलीले पाँचवटा टिपर नियन्त्रणमा लिएको हो।

इप्रकाका प्रहरी निरीक्षक सन्तोष राईका अनुसार गोलबजार र धनगढीमाई नगरपालिका अन्तर्गतको चुरे क्षेत्रमा अवैधरूपमा ढुङ्गा, गिट्टी उत्खनन भइरहेको गुनासो प्राप्त भएपछि टिपर नियन्त्रणमा लिइएको हो।

### पर्सामा.......

गरेको बताए। पर्सा जिल्लामा झुन्डिएर र विषसेवन गरी आत्महत्या बढी हुने गरेको तथ्याङ्कले देखाएको छ। आगो लगाएर, हाम फालेर आत्महत्याका घटना छिटपुट हुने गरेको र बढी मात्रामा झुन्डिएर तथा विषसेवन गरेर आत्महत्या हुने गरेको प्रनाउ खनालले बताए। गत वर्ष आत्महत्याका घटना बढेको र त्योभन्दा पनि यस वर्ष झनै बढेको उनले बताए।


हाल बजारमा विभिन्न उद्योगका एलपी ग्याँस सिलिन्डरहरू ज्यादै पुराना भएका, कुच्चिएका एवं सिलिन्डर निर्माण मिति र सिलिन्डर प्रयोग गर्ने मिति समेत मेटिएका सिलिन्डरहरू बिक्री वितरण एवं दैनिक प्रयोगमा रहेको पाइएकाले त्यस्ता ग्याँस सिलिन्डर प्रयोग गर्नु सुरक्षात्मकरूपमा जोखिमपूर्ण भई जीउधनको समेत क्षति हुन सक्ने भएकोले नेपाल आयल निगम लिमिटेडको एलपी ग्याँस विनियमावली, २०६५ (संशोधनसहित)को विनियम १६ मा उल्लेख भएअनुरूप उद्योगहरूले अनिवार्यरूपमा ग्याँस भरी सिलिन्डर बिक्री वितरण गर्नुपर्ने बेहोरा सम्पूर्ण ग्याँस उद्योगी, वितरक, विक्रेताहरूलाई सूचित गरिन्छ। आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागबाट अनुगमन गर्दा तोकिएबमोजिम ग्याँस र सोको सिलिन्डर बिक्री वितरण भएको नपाएमा कानूनबमोजिम कडा कारबाही गरिनेछ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग